# संस्कृतिको बह्वर्थकता

- मेहेरमान सुब्बा
क्लुनी महिला महाविद्यालय, कालेबुङ

**सार-** यस शोध पत्रमा संस्कृतिको बह्वर्थकता केलाउने प्रयास गरिएको छ। परम्परागत रूपमा संस्कृतिले कुनै जाति वा राष्ट्रमा प्रचलित संस्कार, रीतिरिवाज, आचारविचार, कला कौशल, धर्म, विश्वास, साहित्य अनि कुनै वस्तुलाई परिष्कृत रूप दिने काम आदि बुझाउँछ। अर्थात् परम्परागत अर्थमा संस्कृति भन्नाले कुनै जाति तथा राष्ट्रमा प्रचलित संस्कार, सामाजिक जीवन, रीतिरिवाज, आचारव्यवहार, कला, धर्म, इतिहास, आस्था–विश्वास, साहित्य, दर्शन, भाषा, मूल्य, परम्परा, सङ्गीत आदिको समष्टिगत रूप भन्ने बुझिन्छ। तर संस्कृतिको बह्वर्थ र विविध रूप रहेको पाइन्छ। संस्कृति शब्दको अर्थमा मात्र विविधता नरहेर यो विवादास्पद पनि रहेको छ। संस्कृति सम्बन्धित यस्तै कुराहरूको विवेचना गर्ने प्रयास यस लेखमा गरिएको छ। विशेष गरेर परम्परागत अर्थमा संस्कृति, लोक संस्कृति, लोकप्रिय संस्कृति, सांस्कृतिक अध्ययनका दृष्टिमा संस्कृति आदिको विश्लेषण गरिएको छ। यो शोध पत्र तयार पार्नाका निम्ति संस्कृति सम्बन्धित विभिन्न विद्वान्‌हरूका धारणा ग्रहण गरी विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ।

**बीज शब्द-** संस्कृति, परिष्कृति, सभ्यता, लोक संस्कृति, लोकप्रिय संस्कृति, सांस्कृतिक अध्ययन

## १ विषय प्रवेश

'कृ' धातुमा 'सम्' उपसर्ग र 'क्तिन्' प्रत्ययको योगद्वारा निर्मित संस्कृति शब्दको अर्थ परिष्कार तथा परिमार्जन भन्ने हुन्छ। संस्कृति तत्सम् शब्द हो। पूर्वीय सन्दर्भमा संस्कृतिको अर्थ मानवका प्राकृतिक गुण र स्वभावमा, शिष्टाचार र व्यवहारमा आउने परिष्कार तथा परिमार्जन भन्ने बुझिन्छ। यो परिष्कार तथा परिमार्जन प्राकृतिक नभएर मानव निर्मित हुन्छ। यसर्थ संस्कृति नैसर्गिक नभएर मानव निर्मित वस्तु हो। यस सन्दर्भमा राजेन्द्र सुवेदी लेख्छन् – 'प्रकृतिको नैसर्गिक स्वभावमा मानवका कुशल आचरण, कला, सिप र सौरभद्वारा परिष्कार, परिशोधन र परिमार्जन गरिनु संस्कृति हो र कुनै पनि वस्तुको स्वाभाविक स्थिति यथावत् रहिरहनु तथा प्रकृति आफ्नै हिसाबले चलिरहनु नैसर्गिक हो। पर्यावरणको संरक्षण, भूप्रकृतिको संरक्षण, जलवायुको सन्तुलनका निम्ति मान्छेले पुऱ्याएको सहयोगका कारण प्रकृतिमा व्यवस्थिति र सन्तुलन आउनु तात्त्विक मात्र नभएर निर्मित पनि हो र संस्कृति हो' (सुवेदी, वि सं २०७३, पृ-२०२)। अत: संस्कृतिद्वारा मानवको स्वभाव, आचार-व्यवहारमा मात्र परिमार्जन र सकारात्मक परिवर्तन नल्याएर प्रकृतिमा पनि सकारात्मक परिवर्तन, परिमार्जन र सन्तुलन ल्याउन सकिन्छ भन्ने विचार सुवेदीले प्रकट गरेका छन्।

संस्कृतिलाई शिक्षा र सभ्यतासित जोडेर पनि हेरेको पाइन्छ। भारत, नेपाल, बाङ्लादेश आदि राष्ट्रहरूमा आज पनि शिक्षित र सभ्य हुनुलाई सुसंस्कृत हुनु भन्ने गरिएको पाइन्छ। यसर्थ शिक्षा र सभ्यताद्वारा परिष्कृत तथा परिमार्जित हुनुलाई पनि संस्कृति भनिन्छ। नेपाली बृहत् शब्दकोश अनुसार 'कुनै वस्तुलाई परिमार्जन गरेर वा संस्कृत रूप दिएर चम्किलो, उज्यालो र निखुट बनाउने तथा परिष्कार गर्ने काम संस्कृति हो।' 'कुनै राष्ट्र वा जातिका

सामाजिक जीवन, राजनीति, अर्थ व्यवस्था आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूप नै संस्कृति हो' (त्रिपाठी, वि सं २०६०, पृ-१२०९) भनी संस्कृतिलाई परिभाषित गरिएको छ। यसबाट पनि संस्कृति मनुष्यलाई परिष्कृत तथा परिमार्जित गर्ने तत्त्व हो भन्ने बुझिन्छ। संस्कृति र सभ्यतालाई समान अर्थमा हेरेको पाइए तापनि यी दुई एउटै नभएर भिन्न तर एकाअर्कामा अन्तर्सम्बन्धित विषय हुन्। संस्कृतिको उद्‌गम स्थल समाज हो। हाम्रा भोजन, वस्त्र रात दिनका कथाहरू, अतीतका स्मृति, भविष्यका कल्पना सबै संस्कृतिकै आवाजमा हुन्छन्। मानिसलाई प्राप्त भएका ज्ञान चेतना, संस्कार कल्पना तथा लोकका व्यवहारहरू समाजले नै प्रदान गरेका उपहार हुन्। ती व्यवहार मानिसको आदिम अवस्थामा शुद्ध, सरल र अकृत्रिम हुन्छन्। तर जति मानिस विकसित भयो भनिन्छ, जति उन्नत भयो भन्ने ठानिन्छ, त्यति मानिस स्वाभाविकतादेखि टाढा, कृत्रिम, आडम्बरी र नक्कली हुँदै जान्छन्। सभ्यता र संस्कृति यसरी विपरीत छन्। यद्यपि सम्पूर्ण संस्कृतिहरूको समाकलन नै सभ्यता हो। सभ्य हुनाको तात्पर्य संस्कृतिको आदिम र मौलिक वा प्राकृतिकपनलाई फुकाल्दै कृत्रिम आवरण थप्दै, भिर्दै जानु हो। कत्रो विरोधाभास छ जीवनमा संस्कृति र सभ्यताको। यी दुई विपरीत कुरा हुन्। फेरि संस्कृतिको समग्रता नै सभ्यता हो। जनकलाल शर्माका विचारमा 'सभ्यताले मानवको भौतिक उन्नति बुझाउँछ भने संस्कृतिले आध्यात्मिक उन्नतिलाई' (शर्मा, वि सं २०७५, पृ-४६८)। शर्माले आध्यात्मिक उन्नतिलाई मात्र संस्कृति अन्तर्गत राखे तापनि मानवका भौतिक र आध्यात्मिक दुवै क्षेत्रको परिमार्जन तथा परिष्कार र उन्नति आदि संस्कृति अन्तर्गत पर्दछन्। अर्थात् संस्कृतिले मान्छेका भौतिक र आध्यात्मिक दुवै क्षेत्रमा प्रभाव पार्दछ। सामान्य रूपमा अथवा चलनचल्तीका सन्दर्भमा भन्नु पर्दा संस्कृतिले कुनै जाति वा समूह तथा राष्ट्रमा प्रचलित रीतिरिवाज, आचार व्यवहार, संस्कार, सम्बद्ध जातिका कला, साहित्य, भाषा, धर्म, विश्वास, दर्शन, सङ्गीत आदिका समष्टिगत रूप बुझाउँदछ जसले सम्बन्धित जाति वा समूहलाई परिष्कार एवम् परिमार्जन गर्ने काम गर्दछ।

अङ्ग्रेजीमा संस्कृतिलाई 'कल्चर' भनिन्छ। कल्चर शब्दको व्युत्पति 'कल्टिवेसन' (खनजोत गरी आबाद गर्नु)–को अर्थ दिने ल्याटिन भाषाको 'कल्टुरा' शब्दबाट भएको हो। अत: कृषि सम्बन्धी कार्यका अर्थमा कल्चर शब्दको व्युत्पति भएको पाइन्छ। कल्टिवेसन शब्दको अर्थ जमिनको प्राकृतिक अवस्था परिष्कृत तथा परिमार्जित गरी (त्यसमा रहेका झार, ढुङ्गा, काठ आदि फालेर परिष्कार गर्ने काम) माटालाई शुद्ध र सिँचाइयुक्त बनाई उर्वर बनाउनु भन्ने हुन्छ। यसैका सादृश्यमा कल्चर शब्दलाई मान्छेका शारीरिक, मानसिक, आध्यात्मिक र सामाजिक अवस्थामा परिष्कार गर्नु भन्ने अर्थमा प्रयोग गरिएको पाइन्छ (आचार्य, इ सं १९८५, पृ-१)। अर्थात् सामान्यतया परम्परागत दृष्टिमा अङ्ग्रेजीको कल्चर शब्द पनि मानवलाई परिष्कार, परिमार्जन, शुद्धीकरण तथा प्रशोधन गर्ने कार्यका अर्थमा नै प्रयोग भएको पाइन्छ। ब्रिटानिका रेडी रेफरेन्स इन्साइक्लोपिडिया अनुसार 'मानव जातिले आर्जन गरेर भावी पिढीलाई हस्तान्तरण गरेका ज्ञान, आस्था–विश्वास, आचारविचार आदिको समग्र रूप संस्कृति हो (सन्दर्भ)।' यसैले संस्कृतिको निर्माण मानव समूहले प्रयोग गरेका भाषा, विचार, आस्था, सामाजिक आचरणको विधान, सङ्घ–संस्था, औजार, प्रविधि, कला, रीतिरिवाज, धार्मिक विधि–विधान, औपचारिक समारोह र सङ्केतहरूद्वारा हुँदछ। यहाँ संस्कृतिलाई आर्जन गर्नु पर्ने बुझिन्छ। यसअतिरिक्त अर्जित संस्कृति भावी पिढीलाई हस्तान्तरण पनि गरिन्छ। प्रमोद के नायरका विचारमा 'संस्कृतिको अर्थ खनजोत (कल्टिवेसन) गर्नु, उब्जाउनु वा आर्जन गर्नु हो' (नायर, इ सं २०१७, पृ-४)। इन्द्रबहादुर राई लेख्छन् – 'कल्चरलाई कल्टिवेट गर्नु पर्ने रहेछ सप्रयत्न,

सक्रियताले। यो आर्जन तर गर्न सक्नेहरूद्वारा मात्र र गर्न सके जति नै मात्र गरिन्छ, सबैले गर्न सक्ने र बराबर गर्न सक्ने हुँदैन। युरोपीय कल्चर आज जस्तो थिएन, सबले कल्टिवेट गर्न सक्ने र उत्तिकै फलाउन सक्ने। संस्कृति केही मात्र विशिष्ट व्यक्तिहरूको उपलब्धि हुन्थ्यो। जनवर्गलाई उपलब्ध हुने सुसंस्कृति र सुसंस्कृतहरू प्रभावकारी भई उदाहार्य र अनुकरणीय भई विशिष्ट वर्गीय संस्कृति चरित्रत: उच्च संस्कृति हुन्थ्यो। युरोपमा संस्कृतिका यस्ता बुझाइ, व्याख्या, परिभाषा उन्नाइसौँ शताब्दीको पछिल्लो भागदेखि गर्रिँदै अझसम्म छन्' (राई, इ सं १९९९, पृ-२)। यसरी पाश्चात्य राष्ट्रहरूमा अभिजात वर्गले आर्जन गरेका ज्ञान, रीतिरिवाज, आस्था, कला, आचारविचार, प्रविधि भाषा, सामाजिक आचरणको विधान, धार्मिक विधि–विधान आदि मात्र संस्कृति कहलाइन्थ्यो। त्यसलाई उच्च संस्कृति पनि भनिन्थ्यो अनि त्यसैलाई सबैले आफ्नो संस्कृति भनेर स्वीकार गर्नुपर्थ्यो। प्रमोद के नायरले पनि उन्नाइसौँ शताब्दीदेखि युरोपमा संस्कृति भन्नाले अभिजात वा उच्च वर्गका मानिसहरूको बानी–व्यवहारहरू, रीतिरिवाजहरू र स्वादहरूको अर्थमा बुझिन थालियो' (नायर, इ सं २०१७, पृ-४) भनेका छन्। म्याथ्यु आर्नल्डका विचारमा 'संस्कृति भनेको गुणपूर्णता हो, जसले साँचो मानवोचित सद्भावयुक्त गुणपूर्णता धारण गर्न प्रेरित गर्दछ। संस्कृतिले मानवताको सर्वपक्ष र समाजको सम्पूर्ण भागको विकास गराउँदछ (आर्नल्ड, इ सं १८६९, पृ-११)। आर्नल्डले पनि गुणपूर्णता र मानवतामा जोड दिँदै संस्कृति अल्पसङ्ख्यक उच्चवर्गका सुसंस्कृतहरूबाट बहुसङ्ख्यकजनमा प्रसार भएको कुरो गर्छन्। अत: आर्नल्डले पनि उच्च वर्गका संस्कृतिलाई नै संस्कृति मानेका छन्। तर बहुसङ्ख्यक निम्न वर्गका मानिसहरूद्वारा अर्जित तथा निर्मित संस्कृति पनि हुन्छ जसलाई आर्नल्डले उपेक्षा गरेको देखिन्छ। टी एस इलियटद्वारा दिइएको संस्कृतिको परिभाषाअनुसार 'संस्कृति भन्नाले एउटा ठाउँमा सँगै बसोबास गर्ने विशेष मानव समूह वा जातिको जीवन शैली' भन्ने बुझिन्छ। तिनीहरूका कला, सामाजिक प्रणाली, आचार व्यवहार, रीतिरिवाज र धर्ममा संस्कृति दृष्टिगोचर हुन्छ (इलियट, इ सं १९४८, पृ-१२०)। युरोपीय उच्च संस्कृतिकै सम्भरक इलियटले दिएको संस्कृतिको परिभाषा अपूर्ण रहेको देखिन्छ किनभने कुनै पनि संस्कृति एउटै ठाउँमा सीमित नरहन पनि सक्छ भने विज्ञान र प्रौद्योगिकीलाई उनले संस्कृतिमा समावेश नै गरेका छैनन् जुन तत्कालीन युरोपीय जीवनशैलीसित मेल खाँदैन। इलियटले भनेका विशेष जाति उच्च वर्ग हो भने तिनीहरूको जीवनशैली तथा कला, रीतिरिवाज, धर्म, आचार व्यवहार मात्र संस्कृति हो भन्ने बुझिन्छ। यसरी बीसौँ शताब्दीको दोस्रो दशकसम्म नै मध्य वर्ग र निम्न वर्गको संस्कृतिलाई निम्न स्तरका ठानी ग्रहण नगरेको देखिन्छ। उच्च संस्कृतिका सम्भरकहरूमा कान्ट, नित्से, क्रोचे, फ्लोबेर, बोद्लेर, पो पाउन्ड, जेम्स, ज्वायस्, एडर्नो आदि चिन्तकहरू उल्लेखनीय छन्। तर बीसौँ शताब्दीको पूर्वार्द्धमा इटलीका मार्क्सवादी चिन्तक एन्टोनियो ग्राम्सी (इ सं १८९१-१९३७)-ले प्रिजन नोटबुकमा प्रतिपादन गरेको सांस्कृतिक प्रभुत्ववाद (कल्चरल हेजिमनी)-का माध्यमद्वारा अनि उत्तरार्द्धदेखि रेमन्ड विलियम्स, ई पी थम्पसन, स्टुवार्ट हल आदि सांस्कृतिक अध्ययनका अध्येताहरूले उच्च संस्कृतिका विरुद्धमा आवाज उठाउँदै निम्न वर्गको संस्कृति पनि सर्वग्राह्य तथा सर्वमान्य हुनुपर्छ भन्ने धारणाले युरोप र विश्वमा प्रभाव पार्‍यो। त्यसपछि युरोपीय राष्ट्रहरूमा व्याप्त उच्च वर्गीय एकल संस्कृतिको प्रभुत्वको अन्त भयो भने श्रमिक वर्गको संस्कृतिले अस्तित्व प्राप्त गर्‍यो। त्यसपछि संस्कृतिको अर्थले अझ विस्तार पाएको देखिन्छ।

इन्द्रबहादुर राईले नेपाली जातिका सन्दर्भमा संस्कृतिको परिभाषा यसरी दिएका छन् – 'नेपाली जातीय जीवनलाई सुन्दर र शक्तिमत बनाउने, परम्पराले प्राप्त तथा सक्रियताले अर्जित भौतिक एवम् अनभौतिक

विशिष्टताहरू संस्कृति हुन् र यीहरूका संरक्षण र विकास जातीय आवश्यकता र वाञ्छनीयताको सचेतताले हुँदछ। संस्कृति पूजित वस्तु (छुट्टै) नभई यसलाई जातीय अस्तित्व र विकाससँग सम्बद्ध राखिएको छ' (राई, इ सं १९९९, पृ-१७)। राईले संस्कृतिलाई कुनै जाति तथा उनीहरूका जीवनलाई सुन्दर, शक्तिशाली, अस्तित्ववान् र विकसित बनाउने भौतिक र अनभौतिक विशिष्टताहरूका रूपमा लिएका छन्। उनले संस्कृति परम्पराबाट र सक्रियताद्वारा आर्जन गरेर दुई प्रकारले प्राप्त गर्न सकिन्छ भनेका छन्। यस अतिरिक्त जातीय चरित्रको निर्माणमा र जातिको वर्तमान स्थितिमा संस्कृतिको विशेष योग रहेको हुन्छ भन्ने कुरामा जोड दिएका छन्। कुनै पनि जातिलाई चिन्न वा बुझ्नका निम्ति त्यस जातिको संस्कृति चिन्न वा जान्न आवश्यक छ। जुन जाति वा राष्ट्रको संस्कृति विकसित छ, सम्पन्न छ त्यही जाति र राष्ट्र विकसित, सम्पन्न र सभ्य हुन्छ। अत: संस्कृति नै कुनै पनि जातिको परिचायक र अस्तित्व हो भन्ने विचार व्यक्त गरेका छन्। संस्कृतिको संरक्षण र विकास त्यस संस्कृतिसित सम्बन्धित जातिले नै गर्न आवश्यक छ भन्ने कुरामा पनि जोड दिएका छन्।

सामान्य रूपमा हेर्दा संस्कृति शब्दको अर्थ परिष्कार, परिमार्जन, संस्कार, शुद्धीकरण भन्ने देखिन्छ। कुनै पनि जातिलाई अथवा मानव जातिलाई परिष्कार तथा परिमार्जन गरी सुसंस्कृत एवम् प्रशोधित बनाउने तत्त्वका रूपमा संस्कृतिलाई हेर्ने परम्परागत दृष्टिकोण रहेको पाइन्छ। अत: परम्परागत अर्थमा संस्कृति भन्नाले कुनै जाति समूह तथा राष्ट्रमा प्रचलित संस्कार, सामाजिक जीवन, रीतिरिवाज, आचार व्यवहार, कला, राजनीतिक र आर्थिक जीवन, बौद्धिकता, धर्म, इतिहास, आस्था–विश्वास, साहित्य, दर्शन, भाषा, मूल्य परम्परा, सङ्गीत आदिको समष्टिगत परिमार्जित रूप भन्ने बुझिन्छ। यसले मानव जातिलाई नै परिष्कृत, सुसंस्कृत, विकसित र सभ्य बनाउँदछ। यसरी एक वाक्यमा, परम्परागत सन्दर्भमा भन्नु पर्दा मानव जातिलाई परिष्कृत गर्ने वस्तु नै संस्कृति हो। संस्कृतिको परम्परागत अर्थ र परिभाषाको अध्ययन गरेर हेर्दा यो मानव जातिकै उपज हो अथवा मानवद्वारा निर्मित वस्तु हो। यसर्थ संस्कृतिले मानवसित घनिष्ठ सम्बन्ध राख्दछ। यो मानव समूहकै रहनसहन, लवाइखवाइ, आचार व्यवहार, कला कौशल, तथा जीवनशैलीमा दृष्टिगोचर हुँदछ। कुनै पनि व्यक्ति संस्कृतिलाई साथमा लिएर जन्मँदैन। यस कारण उसले संस्कृति समाजकै अग्रज तथा पुर्खाहरूबाट परम्परागत रूपमा प्राप्त गर्दछ भने सक्रियताद्वारा आर्जन पनि गर्दछ। यस सन्दर्भमा संस्कृतिलाई मानवनिर्मित दोस्रो प्रकृति पनि भन्न सकिन्छ। संस्कृतिले समाज, जाति अथवा मानव समूह र राष्ट्रलाई सङ्गठित पार्दछ र निश्चित स्वरूप प्रदान गर्दछ। ताराकान्त पाण्डेयका विचारमा परम्परागत रूपमा भन्दा अथवा चलनचल्तीका सन्दर्भमा भन्दा संस्कृतिले समूह वा राष्ट्रमा प्रचलित संस्कार, रीतिरिवाज, आचार विचार, सम्बद्ध समूह वा जातिका कला कौशल, धर्म, विश्वास, साहित्य अनि कुनै वस्तुलाई परिष्कृत रूप दिने काम आदिलाई बुझाउँछ। यसरी हेर्दा यसको क्षेत्र व्यापक छ भन्ने देखिन्छ (पाण्डेय, वि सं १९७३, पृ-५३)। यहाँ पाण्डेयले संस्कृतिलाई कुनै वस्तुलाई परिष्कृत रूप दिने काम भने तापनि संस्कृतिले वस्तुलाई भन्दा मानव जातिलाई परिष्कृत गर्ने काम गरेको देखिन्छ। कुनै पनि जाति कति सभ्य र उन्नतशील छ भन्ने कुरो त्यस जातिको संस्कृतिले जनाउँछ। अर्थात् जुन जातिको संस्कृति धनी छ त्यही जाति उन्नतशील हुँदछ। किनकि संस्कृतिले त्यस जातिलाई परिष्कृत गर्ने काम गर्दछ। संस्कृतिभित्र मूल्य, मान्यता, रीतिरिवाज, चाढ, पर्व, परम्परा, चालचलन, रहनसहन, कला, भाषा, साहित्य, दर्शन, इतिहास, धर्म आदि पर्दछन्। यिनै तत्त्वहरूले मानिसलाई परिष्कृत, सुसंस्कृत र सभ्य बनाउँदछ। यस कारण संस्कृतिलाई व्यक्तिको व्यक्तित्वलाई परिष्कृत गर्ने तत्त्व मान्न सकिन्छ।

कुनै समाज वा राष्ट्रमा बस्ने निश्चित मानव समूह वा जाति समान मूल्य, मान्यता, रीतिरिवाजमा बाँचेका हुन्छन्। तिनीहरूका विविध सामाजिक, धार्मिक, नैतिक, विधि–विधान, नीति, नियम, चालचलन, काम गर्ने तरिका, काम गर्ने पद्धति, प्रथा, रूढि आदि परम्परागत रूपमा चलेका हुन्छन्। ती सबै संस्कृति अन्तर्गत पर्दछन्। अमेरिकी मानवशास्त्री मार्गरेट मिडका विचारमा 'संस्कृति भनेको समाज वा उपसमूहले सिकेको आचरण हो' (पाण्डेय, वि सं २०६७, पृ-५४)। प्रत्येक जाति तथा प्रजातिका आआफ्नै वेशभूषा तथा पहिरन हुन्छन्। प्रत्येक पहिरन पहिरिने ढाँचा, श्रृङ्गार गर्ने तरिकाहरू आआफ्नै हुन्छन्। वेशभूषाका माध्यमद्वारा व्यक्तिलाई कुन जाति, समाज र राष्ट्रको हो भनी चिन्न सकिन्छ। कला अन्तर्गत वास्तु कला, ललित कला, मूर्ति कला, चित्र कला, सङ्गीत कला, काव्य कला आदि पर्दछन्। प्रत्येक जातिको आफ्नै विविध कला कौशलहरू हुन्छन् जसले त्यस जातिलाई परिष्कृत र सभ्य बनाउने काम गर्दछ। त्यसरी नै धर्मले मानिसलाई क्षमा, सहनशीलता, प्रेम, बलिदान, धैर्य, आत्मसंयम, पवित्रता, सत्यता, रिसराग नगर्ने अपितु भलाइ र दया, शास्त्रज्ञान आदि सिकाउँदछ। भाषाद्वारा मानिसले आफ्ना भाव, विचार अरू समक्ष प्रकट गर्छ। भाषाले मानिसलाई निश्चित जातिभित्र समावेश गराउँदछ। भाषिक व्यवहार र प्रयोगका आधारमा मानिसको संस्कार चिन्न बुझ्न सकिन्छ। प्रत्येक जातिका आआफ्नै चाढ, पर्वहरू हुन्छन्। ती चाढ, पर्वमा भोज भतेर खाने, मनोरञ्जन गर्ने, पूजापाठ गर्ने आआफ्नै तरिका, परम्परा, रीति आदि हुँदछन्। यस अतिरिक्त साहित्य, दर्शन, इतिहास आदि सबैले मानवलाई सभ्य र परिष्कृत गर्ने काम गर्दछ। यी सबै संस्कृतिकै अङ्गहरू हुन्। यसर्थ परम्परागत अर्थमा संस्कृति भन्नाले राष्ट्र वा जातिका कला, भाषा, सङ्गीत, इतिहास, दर्शन, आचार व्यवहार, रीतिरिवाज, धर्म, चाढ पर्व, रहनसहन, वेशभूषा, मूल्य मान्यता, खानपान आदिको समष्टि रूप भन्ने बुझिन्छ जसले सम्बन्धित जातिलाई परिष्कार र परिमार्जन गरेर सभ्य बनाउँदछ। यहाँ अन्वेषक पूर्णप्रकाश नेपाल 'यात्री'को 'संस्कृति भनेको जातीय सभ्यताको पहिचान हो' (नेपाल, इ सं १९९९, पृ-७७) भन्ने विचार सान्दर्भिक रहेको देखिन्छ।

## २ लोकप्रिय संस्कृति र लोक संस्कृति

बीसौँ शताब्दीको उत्तरार्द्धदेखि पाश्चात्य राष्ट्रहरूमा उच्च संस्कृति विरुद्ध लोकप्रिय संस्कृतिले विद्रोह गर्न सुरु गऱ्यो। त्यो सांस्कृतिक आक्रमणका रूपमा राजशक्तिहरूमाथि जनसमूहको विद्रोह थियो। इ सं १९६०-१९७० -का दशकदेखि उक्त आन्दोलनले तीव्र गति लियो। प्रमोद कुमार नायरले श्रमिक वर्गको संस्कृतिलाई लोकप्रिय संस्कृति भनेका छन् (नायर, इ सं २०१७, पृ-५)। युरोपीय राष्ट्रहरूमा धेरै लामो समयसम्म श्रमिक वर्गका संस्कृतिलाई निम्न स्तरको ठानेर उपेक्षा गरियो। जन संस्कति (मास कल्चर) शब्द नै निन्दात्मक अर्थमा प्रयोग हुन्थ्यो भने अभिजात वर्गको संस्कृति मात्र सुयोग्य, साँचो, उच्चस्तरीय, सर्वमान्य, सर्वग्राह्य र मानक कहलाइन्थ्यो। यसर्थ शैक्षिक संस्थानहरूले पनि अल्पसङ्ख्यक उच्च वर्गका उच्च कला तथा शास्त्रीय कृतिहरूको मात्र अध्ययन अध्यापन गराए। तर बहुसङ्ख्यकले ती उच्चस्तरीय तथा शास्त्रीय कला–कृतिहरू कतिसम्म पढे र अध्ययन गरे भन्ने कुराप्रति कसैको ध्यान नै गएन। अत: बहुसङ्ख्यक श्रमिकवर्गको रुचि तथा जीवनशैलीप्रति चासो राखिएन। अपितु तिनीहरूलाई उपेक्षा गरियो। केही उच्च वर्गका विशेष कलाकृति, व्यवहार र विधाहरू मात्र ससम्मान संस्कृति कहलाइन्थ्यो। अर्थात् संस्कृति शब्दको उच्च वर्गका जीवन, तिनीहरूका कला र रुचिसित मात्र सम्बन्ध रहेको थियो। सेक्सपियर र रवीन्द्रनाथ ठाकुरका कृतिहरू, एम एफ हुसेनका चित्रकला र सत्यजित रेका चलचित्रहरू आदिले मात्र ससम्मान संस्कृतिको दर्जा पाए। अध्येताहरूले त्यस्ता कलाकृतिको मात्र अध्ययन र चर्चा परिचर्चा गरे तर अधिकतर

आलोचकहरूले सिडनी सेल्डम, अगथा क्रिस्टी जस्ता लेखकका कृति र मनमोहन देसाइका चलचित्रलाई निम्न स्तर र महत्त्वहीन लोकप्रिय संस्कृति ठानेर अध्ययन, चर्चा परिचर्चा नै गरेनन्। नेपालीमा पनि प्रकाश 'कोविद', सुवास घिसिङ आदिका लोकप्रिय उपन्यासहरूको अध्ययन भर्खरै मात्र हुन थालेको देखिन्छ। तर इ सं १९६०-का दशकदेखि संस्कृतिलाई हेर्ने र अध्ययन गर्ने दृष्टिकोणमा परिवर्तन आयो। शोधार्थी तथा अध्येताहरूले अघि निम्न स्तरको ठानी महत्त्व नदिइएको लोकप्रिय संस्कृतिलाई महत्त्वपूर्ण ठानेर गम्भीर रूपमा अध्ययन गर्न थाले। इ सं १९६९ सालमा अमेरिकामा बौलिङ ग्रिन विश्वविद्यालयको लोकप्रिय संस्कृति विभागले लोकप्रिय संस्कृति जर्नल (जर्नल अव् पप्युलर कल्चर) नै प्रकाशित गरेर लोकप्रिय संस्कृतिको अध्ययनलाई विस्तृत रूप प्रदान गरेर यसलाई महत्त्वपूर्ण विषय बनाए। यस जर्नलमा स्पाइडर म्यान, कमिक, रक सङ्गीत, प्रमोद उद्यान (अम्युजमेन्ट पार्क), जासुसी चलचित्र जस्ता लोकप्रिय संस्कृतिको अध्ययन गरियो। यस्ता बहुसङ्ख्यक रूपमा रहेका साधारण जनसमूहले आफ्नो दैनिक जीवनमा उपभोग गर्ने तथा आदान प्रदान गर्ने वस्तुहरूको समष्टि रूपलाई लोकप्रिय संस्कृति भनिन्छ। नायरका विचारमा जनसमूहले सामूहिक रूपमा प्रयोग गर्ने रीतिरिवाज, कलाकृति, मूल्य मान्यता र आस्था आदिका समष्टि रूप नै लोकप्रिय संस्कृति हो जुन ती जनसमूहका दैनिक जीवनद्वारा सङ्घटित हुँदछ। तिनीहरूका खाद्य पदार्थ र ती सेवन गर्ने प्रणाली तथा बानी, पहिरन, यातायात प्रणाली, सङ्गीत, अध्ययन शैली, चलचित्र, खेलकुद, तिनीहरू रहन बस्न र विचरण गर्न ओगटेका भूभाग, भित्ते चित्र, ग्राफिटी आदि लोकप्रिय संस्कृति अन्तर्गत पर्दछन् (नायर, इ सं २०१७, पृ-६)। नायरले बहुसङ्ख्यक जनसमूहको दैनिक जीवनसित लोकप्रिय संस्कृति सम्बन्धित रहेको जनाएका छन्। सांस्कृतिक अध्ययनले यही जनप्रिय संस्कृतिलाई नै आफ्नो अध्ययनको केन्द्रीय विषय बनाएको छ।

इन्द्रबहादुर राईले लोकप्रिय संस्कृतिलाई लौकिक संस्कृति भनेका छन्। लोक संस्कृति र लौकिक वा लोकप्रिय संस्कृतिबिचको भिन्नता पनि देखाउँदै लोकप्रिय संस्कृतिको परिचय दिएका छन्। उनी भन्छन् – 'लोक संस्कृति लोकले आफै सिर्जित गरेको संस्कृति हुन्छ, लोकद्वारा स्वत: र स्वभावत: निर्मित। लौकिक संस्कृति लोकको उपभोगका लागि, लोकलाई उपभोक्ता तुल्याउन प्रौद्योगिक उत्पादन समान निर्मित भौतिक तथा अनभौतिक संस्कृति हुन्छ। सिनेमा, समाचार माध्यम, तयार खाद्य आदिदेखि लिएर नारी आन्दोलन, शान्तिवाद, पर्यावरण आन्दोलन, वर्गीय सङ्गठनसम्म लौकिक संस्कृतिको विवेचनामा पर्छन्। 'सामन्तकालीन लोक संस्कृतिमा मात्र नभएर आजकै भौतिक र अनभौतिक सर्जनहरूमा भोग्य हुनु पर्छ अबको लौकिक संस्कृति, कार्यकरण छ उनीहरूको' (राई, इ सं १९९९, पृ-४)। यसरी इन्द्रबहादुर राईले लोकप्रिय वा लौकिक संस्कृतिको विस्तृत परिभाषा दिएका छन्। उनले लोकको उपभोगका निम्ति निर्मित भौतिक र अनभौतिक प्रौद्योगिक उत्पादनलाई लोकप्रिय संस्कृति भनेका छन्। जनसमूहलाई उपभोक्ता र जनप्रिय संस्कृतिलाई उत्पादित भोग्य वस्तुका रूपमा परिचित गराएका छन्। लोकले स्वाभाविक रूपमा निर्माण गरेको संस्कृति नै लोक संस्कृति हो। अर्थात् लोकले आफै सिर्जना गरेको संस्कृति लोक संस्कृति हुन्छ भने लोकलाई उपभोगका निम्ति अरूले निर्माण गरिदिएको संस्कृतिलाई लोकप्रिय संस्कृति भनिन्छ। जोसुकैले निर्माण गरे पनि लोकले आफ्नो दैनिक जीवनमा उपभोग गर्नाका निम्ति ग्रहण गरेको संस्कृति लोकप्रिय संस्कृति हुन्छ।

लोक संस्कृति भन्नाले कुनै एउटा विशेष तथा निर्दिष्ट भूभागमा बसोबास गर्ने विशेष जाति वा मानव समूहद्वारा स्वत: निर्मित संस्कृति बुझिन्छ; जुन संस्कृति उनीहरूबिच परम्परागत रूपमा अभ्यास गरिन्छ। त्यो जाति

वा मानव समूह अर्को जाति वा अन्य मानव समूहदेखि भिन्न हुन्छ भने तिनीहरू अन्य जातिदेखि अलग्गै बसोबास पनि गर्दछन्। लोक संस्कृति ऐतिहासिक तथा परम्परागत रूपमा नव पुस्तामा हस्तान्तरण हुन्छ। लोक संस्कृतिमा सम्बन्धित मानव समूहको तथा जातिको विशेषता, परम्परा, जीवनशैली र तिनीहरू बसोबास गरेको स्थानका विशेषता गाँसिएको हुन्छ। यस कारण जब कुनै लोक संस्कृतिले विस्तार पाएर जब अर्का जाति वा समुदाय र तिनीहरूका स्थानमा प्रवेश गर्दछ; तब त्यस लोक संस्कृतिले आफ्नो जातिगत विशेषता, परम्परा र निर्माण भएको स्थानको गन्ध, विशेषता र मौलिकता पनि गुमाउँदछ। त्यसपछि त्यो लोक संस्कृति रहँदैन। लोकप्रिय संस्कृति बन्दछ। उदाहरणार्थ अमेरिकामा निर्माण भएका जिन्स र म्याकडोनाल्डका सामग्रीहरूले विश्वमा अन्तर्राष्ट्रिय रूपमा विस्तार पाएपछि जातिगत तथा स्थानगत विशेषता, भाव र गन्ध हराए। त्यसपछि ती लोक संस्कृति नरहेर लोकप्रिय संस्कृति बन्यो। यसरी लोक संस्कृतिले आफ्नो लोक तथा जाति र स्थानको भाव र विशेषतासित घनिष्ठ सम्बन्ध राख्दछ। अत: आफ्नो जातिगत तथा स्थानगत भाव र विशेषतादेखि अलग भएपछि लोक संस्कृतिको अस्तित्व नै रहँदैन। त्यो लोकप्रिय संस्कृति बन्दछ।

## ३ संस्कृतिसम्बन्धी मार्क्सवादी धारणा

मार्क्सवादी दृष्टिमा उत्पादन पद्धति र उत्पादन सम्बन्धद्वारा निर्मित आर्थिक आधारको उपरिसंरचनामा हुने विचारधारात्मक प्रतिबिम्बन हो संस्कृति। यो जैविक वा प्राकृतिक नभएर मानिसद्वारा निर्मित हुन्छ। आफ्ना भौतिक आवश्यकता परिपूर्ति गर्ने उद्देश्यद्वारा अभिप्रेरित भई प्रकृतिसँग अन्तर्क्रिया गर्ने प्रक्रियामा श्रम कार्यका बिचबाट संस्कृतिको जन्म भएको हो। यो मानव श्रमद्वारा निर्मित भौतिक र आत्मिक मूल्यहरूको समष्टि हो (किरण, वि सं २०६५, पृ-१६)। मार्क्सवादी दृष्टिमा सामान्यतया यसका दुई प्रकार छन् – भौतिक संस्कृति र आत्मिक संस्कृति। भौतिक संस्कृति भन्नाले उत्पादनका औजार र प्रयोग, प्रविधि र प्रयोग, उपभोग गरिने वस्तुहरूका गुण तथा मूल्य आदि बुझिन्छ। यो आत्मिक संस्कृतिको जग हो। आत्मिक संस्कृतिभित्र नैतिकता, राजनीति, कानुन, विज्ञान, धर्म, कला र सौन्दर्य बोध, शिक्षा, भाषा र बोली लगायतका वैचारिक पक्ष आउँछन्। यहाँ विचारणीय के छ भने संस्कृतिका यी दुई रूपमध्ये भौतिक संस्कृति प्राथमिक हो र त्यसले आत्मिक संस्कृतिको निर्माण गर्दछ। यसो भए पनि आत्मिक संस्कृतिले भौतिक संस्कृतिको विकासलाई पनि प्रभाव पार्दछ (पाण्डेय, वि सं २०७३, पृ-५४)। मार्क्सवादीहरूका विचारमा संस्कृति त्यस समयको भौतिक, ऐतिहासिक र सामाजिक अवस्थाहरूबाट निर्माण हुँदछ।

## ४ सांस्कृतिक अध्ययनका दृष्टिमा संस्कृति

सांस्कृतिक अध्ययन अङ्ग्रेजीको 'कल्चरल स्टडिज्'को नेपाली रूपान्तर हो। सांस्कृतिक अध्ययनको आरम्भ ब्रिटेनको बर्मिङ्घम विश्वविद्यालयको अङ्ग्रेजी विभागबाट इ सं १९६४-मा भएको हो। यस विभागले इ सं १९६४-मा समसामयिक सांस्कृतिक अध्ययन केन्द्र (सेन्टर फर कन्टेम्पोररी कल्चरल स्टडिज)-को स्थापना गरे पछि सांस्कृतिक अध्ययनको आरम्भ भई विश्वमा विकास भएर गयो। यो सांस्कृतिक अध्ययनको जेठो केन्द्र हो। यस केन्द्रका संस्थापकहरू थिए रिचार्ड होगार्ट, रेमन्ड विलियम्स, ई पी थम्पसन र स्टुआर्ट हल। सांस्कृतिक अध्ययनका आफ्नै वैचारिक र सैद्धान्तिक पक्षहरू छन्। सांस्कृतिक अध्ययनले राजनीति, जीवन, साहित्य, संस्कृति र इतिहासका अनेक पक्षहरूबारे छलफल गरेर चिन्तनका नयाँ आधारहरूको निर्माण गरेको छ। यसले अध्ययनका सीमाहरू तोडेर

अन्तर्विषयक अध्ययनको बाटो बनाइदिएको छ। सांस्कृतिक अध्ययनका व्याख्याताहरूले संस्कृतिलाई बहुअर्थी रूपमा लिएका छन्। यसर्थ सांस्कृतिक अध्ययनका आधारमा संस्कृतिको अर्थ परम्परागत अवधारणामा सीमित नरहेर विस्तृत र विवादास्पद रहेको पाइन्छ। नवमार्क्सवादी तथा सांस्कृतिक अध्ययनका प्रवर्तक रेमन्ड विलियम्सले उनको कल्चर एन्ड सोसाइटी (इ सं १९५८) नामक पुस्तकमा संस्कृतिका चार प्रकारका अर्थहरू बताएका छन् - पहिलो, संस्कृति भनेको निजत्वको चरित्र हो जसले मानिसलाई आदर्श र सिद्ध बनाउँदछ। दोस्रो, संस्कृति मानव समाजको बौद्धिक विकासको प्रकटीकरण हो। तेस्रो, संस्कृति कला हो र चौथो, संस्कृति समूहका मानिसको सम्पूर्ण जीवन शैली हो (विलियम्स, इ सं १९५८, पृ-१६)। विलियम्सले संस्कृतिको बहुल अर्थको व्याख्या गरेका छन्। उनले संस्कृतिलाई सम्पूर्ण रूपमा सामाजिक उत्पादन भनेका छन् (विलियम्स, इ सं १९५८, पृ-३०१)। यस परिभाषा अनुसार संस्कृतिको विश्लेषण भनेको सम्पूर्ण जीवन शैलीमा निहित अर्थ र मूल्यहरूको उद्घाटन हो। यसर्थ सामाजिक गतिविधिका हरेक रूपमा यो निहित हुन्छ भन्ने विलियम्सको धारणा रहेको छ। उनले सम्पूर्ण जीवन शैली अन्तर्गत संस्कृतिभित्र उद्पादनको पद्धति, परिवारको संरचना, सामाजिक सम्बन्धलाई व्यक्त गर्ने संस्थाको संरचना, समाजका सदस्यहरूले विचार आदान प्रदान गर्दा देखिने विशेषता आदि पर्दछन् भनेका छन्। रेमन्ड विलियम्सले बेलायती समाजका सन्दर्भमा उच्च वर्गीय ब्यालेट, ओपेरा, कविता, उपन्यास आदिलाई मात्र संस्कृति ठान्ने परम्पराको विरोधमा टेलिभिजन, सिनेमा, पप म्युजिक, विज्ञापन, अवकाश मनाउनु आदिलाई पनि संस्कृतिभित्र राख्नु पर्ने धारणा प्रस्तुत गरेका छन्। यस धारणालाई उनले सामुदायिक सहभाव भनेका छन्। उनले समुदाय भनेर श्रमजीवी वर्गलाई बुझाउँदै उच्च वर्गीय संस्कृति व्यक्तिवादी हुन्छ र त्यसले व्यक्तिकै विकासमा मात्र चाख राख्छ भने निम्न वर्गीय संस्कृति सामुदायिक हुन्छ अनि यसले समुदायकै विकास गराउँदछ भन्ने विचार व्यक्त गरेका छन्। यसर्थ उनले श्रमिकहरूको सामूहिक सहभागितामा जोड दिए अनि त्यसैलाई समाजको सही आधार माने। उनले संस्कृतिको खास अर्थ भनेको सर्वहारा कला, सभागृह वा भाषाको खास प्रयोग आदि नभई यसबाट निसृत आधारभूत सामूहिक विचार, संस्थान, शैली, सोचको बानी र अभिप्राय हो भन्ने धारणा प्रस्तुत गर्दै संस्कृति समाजको भौतिक उत्पादान हो जसले शक्तिसित सम्बन्ध राख्दछ। बुर्जुवा समाजले बुर्जुवा संस्कृतिको उत्पादन गर्दछ भने समाजवादी समाजले समाजवादी संस्कृतिकै उत्पादान गर्दछ (विलियम्स, इ सं १९५८, पृ-३०१-३०२) भनेका छन्। भावना, लेखाइ, टङ्कन प्रविधि सबै भौतिक हुन्। सम्प्रेषणका विभिन्न विधाहरूको उत्पादन, पुनरुत्पादन गर्ने यान्त्रिक र वैद्युतिक साधनहरू सबै भौतिक हुन्। संस्कृतिलाई चैतन्य, ज्ञान, विवेक आदिको मनोगत धरातलमा हेर्ने आदर्शवाद हो भने आर्थिक जगको अधिरचना मान्नु भौतिकवाद हो। यसर्थ संस्कृति न मानसिक हो, न आर्थिक। दुवैको घुलमिल भएको यथार्थ वा भौतिक उत्पादन हो भन्ने विचार विलियम्सले प्रस्तुत गरेका छन्। अत: विलियम्स अनुसार संस्कृति समाज र समूहका सम्पूर्ण मानिसहरूको जीवन शैलीमा हुन्छ। उनले दिएको संस्कृतिको परिभाषा अनुसार जीवनका सबै थोक संस्कृतिभित्र पर्दछ। संस्कृतिदेखि बाहिर केही पनि छैन भन्ने प्रस्ट हुन्छ। अतः सांस्कृतिक अध्ययनका आधारमा संस्कृति भनेको सम्पूर्ण जीवन पद्धति/शैली हो। सांस्कृतिक अध्ययनका अग्रणी चिन्तक रेमन्ड विलियम्सले यसबारे विशेष चर्चा गरेका छन्। सम्पूर्ण जीवन नै संस्कृतिभित्र पर्ने हुनाले सांस्कृतिक अध्ययनले संस्कृतिदेखि बाहिर मानव जीवन एवम् यस संसारको अर्थ नहुने ठान्छ। अर्थात् संस्कृतिभित्र रहेर मात्र मानव जीवन तथा यस संसारलाई अर्थ्याउन सकिन्छ भन्ने धारणा विकास भएको पाइन्छ। यसर्थ संस्कृतिको विश्लेषण भनेको सम्पूर्ण जीवन पद्धतिमा निहित अर्थ र मूल्यहरूको उद्घाटन हो। यहाँ फ्रान्सेली दार्शनिक मिसेल फुकोले दिएका संस्कृतिको परिभाषा उल्लेख

गर्न सान्दर्भिक देखिन्छ। फुकोका विचारमा  संस्कृति भनेको सबै प्रकारका आवाजहरूलाई मुखरित गर्ने विषय हो (सुवेदी, वि सं २०७६, पृ-१२८)।

सामाजिक र सांस्कृतिक  प्रणालीबारे चर्चा गर्ने जीववैज्ञानिक टाल्कोट पार्सन्सका विचारमा संस्कृति समाजमा विभिन्न समूहहरूमाझ हुने सामाजिक संयोजनको विषय क्षेत्र हो (हल, इ सं २०१६, पृ-१८)। उनले विभिन्न सामाजिक समूहहरूको संयोजन तथा मिश्रणको सामाजिक तथा सांस्कृतिक महत्त्वहरूबारे चर्चा गरेका छन्। तर कुन कुन विशेष सांस्कृतिक मूल्यहरूसित सङ्घटन गर्दछन् भन्ने विषयमा पार्सन्सले चर्चा गरेका छैनन्। यसअतिरिक्त कुन कुन सांस्कृतिक मूल्य–मान्यताहरू किनारीकृत, गौण तथा अधीनस्थ छन् ? त्यसबारे एकदमै कम मात्रामा चर्चा गरेका छन्। उनका विचारमा संस्कृति भनेको विभिन्न मानव समूहहरू बिचमा हुने सामाजिक सहकार्य तथा संयोजनको प्रणाली हो। यस दृष्टिले बहुसांस्कृतिकता यसको सबल पक्ष रहेको देखिन्छ। तर उनले संस्कृतिको शक्ति सम्बन्धबारे, प्रभावशाली वा उच्च वर्ग र अप्रभावशाली वा निम्न वर्गबिचका सम्बन्धबारे र कसरी प्रभावशाली संस्कृति निर्माण हुन्छ भन्ने विषयमा चर्चा गरेका छैनन्। हलले यसलाई बहुलवादको संज्ञा दिएका छन् (हल, इ सं २०१६, पृ-१८)। यद्यपि पार्सन्सको संस्कृति मानव समूहमाझ हुने सामाजिक संयोजन हो भन्ने विचार विलियम्सको संस्कृति र सामाजिक संस्थाबिच निरन्तर अन्तर्क्रिया भइरहन्छ (विलियम्स, इ सं १९५८, पृ-२८९) भन्ने विचारसित मिल्दो देखिन्छ।

उत्तर मार्क्सवादी सांस्कृतिक चिन्तक लक्लाउ र मुफले पनि विलियम्सका संस्कृतिसम्बन्धी धारणाको समर्थन गर्दै संस्कृतिलाई अर्थहरूको उत्पादन, त्यसको उपभोग र प्रसारण भनी परिभाषित गरेका छन्। जन समूहले समाजमा व्यवहारहरूको व्यवस्थाद्वारा अर्थको उत्पादन गर्दछन्। अर्थहरूको उत्पादन मात्र गर्दैनन् ती अर्थहरूको उपभोग र आदान-प्रदान तथा एक ठाउँदेखि अर्को ठाउँमा, एक समूहदेखि अर्को समूहमा प्रसारण समेत गर्दछन्। सांस्कृतिक अध्ययनका प्रमुख चिन्तकमध्ये एकजना स्टुवार्ट हलका विचारमा संस्कृति अर्थहरूको उत्पादन, त्यसको विनिमय मात्र नभएर अर्थहरू जुन परिवेश वा सन्दर्भमा निर्मित हुन्छन् र त्यसले जुन अर्थको सङ्केतन गर्छ त्यसको सङ्केतक समेत हो। हल अनुसार संस्कृति केवल वस्तुहरू अर्थात् उपन्यास, टेलिविजन कार्यक्रम, प्रहसन (कमिक्स) आदिको सेट वा व्यवस्था मात्र होइन, यो एउटा प्रक्रिया, व्यवहारहरूको व्यवस्था हो। प्राथमिक रूपमा यो अर्थहरूको उत्पादन र विनिमय अर्थात् अर्थहरूको आदान-प्रदान हो। यस परिभाषाअनुसार संस्कृति एउटा पुस्तक (रचना)–मा मात्र सीमित छैन, अपितु पुस्तक जुन परिवेश वा सन्दर्भमा सिर्जना हुन्छ र त्यसले जुन अर्थको सङ्केतन गर्छ, त्यो जालो वा तन्त्रको सङ्केतक समेत हो। उदाहणार्थ चिनिया समाजमा एक हातले कार्ड दिनु भनेको आक्रमण खप्नु हो भने दुई हातले दिनु शिष्टता हो। यो संस्कृतिसँग सम्बद्ध कुरो हो। यो संस्कृतिको भौतिकीकरण हो। दुई हातसँगै हुनु नै आफैमा कुनै महत्त्वको अर्थ होइन तर त्यसलाई विनम्रताको सङ्केतक मानिएको वा बनाइएको छ। सङ्केतनलाई भौतिक व्यवहारमा अवशिष्ट गरिएको हुन्छ र त्यसले भौतिक प्रभाव सिर्जना गर्छ। यसर्थ, संस्कृति अर्थहरूको उत्पादन, त्यसको विनिमय प्रणाली, अस्वीकार र नियन्त्रणको प्रक्रिया समेत हो (पाण्डेय, वि सं २०७३, पृ-५६)।

सांस्कृतिक अध्ययन अनुसार हामी जुन समाजमा रहन्छौँ, त्यहाँ हामी आफैबारे अर्थहरू उत्पादन गर्दछौँ जसले शक्तिसित सम्बन्ध राख्दछ त्यही नै संस्कृति हो। मानव समाजले अर्थहरूको उत्पादन मात्र गर्दैनन् अपितु त्यसको आदान–प्रदान, स्वीकार-अस्वीकार र त्यसमाथि नियन्त्रण समेत गर्दछन्। सांस्कृतिक अध्ययन पश्चिमी

चिन्तकहरूकै उपज भएको हुनाले यसले पश्चिमी राष्ट्रहरूमा रहेको उच्च वर्गीय ब्यालेट, ओपेरा, कविता, उपन्यास आदिलाई मात्र संस्कृति ठान्ने परम्पराको विरोध गर्दछ भने श्रमजीवी वर्गका मानिसहरूको जीवन पद्धतिसित सम्बन्धित टेलिविजन, सिनेमा, अवकाश मनाउनु, पप म्युजिक आदिलाई पनि संस्कृति ठान्छ। यसरी संस्कृतिको अर्थ अझ विस्तृत भएको पाइन्छ। अघि संस्कृतिले सम्भ्रान्त तथा बुर्जुवा समाजसित मात्र सम्बन्ध राख्दथ्यो भने सांस्कृतिक अध्येताहरूले संस्कृतिलाई त्यस सीमित घेराबाट बाहिर निकालेर सर्वहारा तथा श्रमिकवर्गसित जोडिदिए। सांस्कृतिक अध्ययनका चिन्तकहरूले बीसौँ शताब्दीको पूर्वार्द्धका इटालीका वामविचारक एन्टोनियो ग्राम्सीको सांस्कृतिक प्रभुत्ववादबाट प्रभावित भई उच्चवर्गीय प्रभुत्ववादी संस्कृतिको विरोध अनि निम्न वर्गीय वा श्रमिक वर्गीय सामुदायिक तथा समाजवादी संस्कृतिको समर्थन गरेका छन्। अत: सांस्कृतिक अध्ययनमा आधारित संस्कृतिले लोकप्रिय संस्कृतिसित सम्बन्ध राख्दछ।

## ५ निष्कर्ष

संस्कृति शब्द बह्वर्थी रहेको पाइन्छ। सामान्य अर्थमा यो मानवलाई परिमार्जन तथा परिष्कृत गर्ने तत्त्वका रूपमा रहेको पाइन्छ। अर्थात् कुनै जाति, समूह वा राष्ट्रमाझ प्रचलित रीतिरिवाज, संस्कार, आचार-व्यवहार, त्यस जाति वा समूहको भाषा, साहित्य, कला, कौशल, दर्शन, धर्म, सङ्गीत, आस्था–विश्वास, बौद्धिक विकास, ज्ञान आदिको समष्टि रूप नै संस्कृति हो जसले सम्बद्ध जातिलाई परिष्कार तथा परिमार्जन गरी निखुट, सुसंस्कृत र सभ्य बनाउँदछ। यद्यपि यसका विविधता र नवीन परिभाषाहरूले यसलाई बह्वर्थी र जटिल बनाउँदै लगेको देखिन्छ। संस्कृति मानव निर्मित र अनुकरणीय वस्तु हो। यो व्यक्तिबाट समूहमा फेरि त्यसरी नै समूहबाट व्यक्तिमा सङ्क्रमित हुँदछ। यद्यपि संस्कृति व्यक्तिगत नभएर सामूहिक सम्पत्ति हो। व्यक्तिको जीवन शैली तथा आचार व्यवहारबाट विकसित भई निर्मित संस्कृति अन्तमा सामूहिक सम्पत्ति बन्दछ। पहिला संस्कृतिको निर्माण मानवको आन्तरिक सोचाइ र चिन्तनका तहमा हुन्छ, पछि बाह्य व्यवहारमा प्रकट हुन्छ। त्यसर्थ संस्कृतिको आदि स्रोत भनेको मान्छेको धारणागत भण्डार नै हो। यसलाई भावनागत सत्यको वस्तुगत प्रकटीकरणका रूपमा हेर्न सकिन्छ।

अङ्ग्रेजीमा संस्कृतिलाई कल्चर भनिन्छ। कल्चर शब्दको व्युत्पति जमिनको प्राकृतिक अवस्थामा रहेका झार, ढुङ्गा, काठ आदि निकालेर परिष्कृत, परिमार्जित गरी माटालाई शुद्ध र सिँचाइयुक्त तथा खेती गर्न योग्य बनाई उर्वर बनाउनु भन्ने अर्थमा भएको देखिन्छ। यसैको सादृश्यमा कल्चर वा संस्कृति शब्दलाई मान्छेका शारीरिक, मानसिक र सामाजिक अवस्थामा परिमार्जन गर्नु भन्ने अर्थमा प्रयोग भएको पाइन्छ। यसै कारण संस्कृतिलाई मानव चेतनाको परिष्कार पनि भनिन्छ। मानिसको आचार, व्यवहार, सामाजिक जीवन शैली तथा क्रियाकलापहरूको परिष्कृत प्रकटीकरण नै संस्कृति हो। यसभित्र कला, दर्शन र बौद्धिकता पनि समेटिएको हुन्छ। संस्कृति प्रयत्नद्वारा आर्जन गर्नु पर्ने हुन्छ भने परम्परागत रूपमा पूर्वजबाट हस्तान्तरण वा ग्रहण पनि गरिन्छ साथै भावी पिढीलाई हस्तान्तर समेत गरिन्छ। संस्कृतिले मानवताका सबै पक्ष र समाजका सम्पूर्ण भागको विकास गराउँदछ। सम्बद्ध मानव समूहलाई सुन्दर र शक्तिशाली बनाउँदछ। तर यसको संरक्षण र विकास गर्न अनिवार्य रहेको देखिन्छ। किनभने संस्कृति सम्बद्ध जातिको अस्तित्व र विकाससँग अक्षुण्ण रहेको हुन्छ। पुनर्जागरण कालमा संस्कृतिलाई उद्बोधन (इन्लाइटेन्मेन्ट)–का रूपमा मानियो भने नृतत्त्वशास्त्री ई बी टेलरले यसलाई एक विशिष्ट शक्ति र सभ्यताको पर्याय मानेको देखिन्छ

(सुवेदी, वि सं २०७६, पृ-१२७-१२८)। अमेरिकाली नृतत्त्वशास्त्री मार्गरेट मिटले संस्कृतिलाई ज्ञान र शैक्षिक संस्कार मानेकी छन्।

मार्क्सवादीहरूले संस्कृतिलाई अलिक फरक दृष्टिले हेरेको देखिन्छ। उनीहरू उत्पादन पद्धति र उत्पादन सम्बन्धद्वारा निर्मित आर्थिक आधारको उपरिसंरचनामा हुने विचारधारात्मक प्रतिबिम्बनलाई संस्कृति ठान्छन्। उनीहरूका विचारमा मानवश्रमद्वारा निर्मित भौतिक र आत्मिक मूल्यहरूको समष्टि रूप नै संस्कृति हो। नवमार्क्सवादी तथा सांस्कृतिक अध्ययनका अध्येताहरू समूहका सम्पूर्ण मानिसको जीवनशैलीलाई संस्कृति ठान्छन् भने तिनीहरू संस्कृतिलाई समाजले उत्पादान गरेका अर्थका रूपमा पनि हेर्दछन् जसले शक्तिसित सम्बन्ध राख्दछ। यस दृष्टिमा संस्कृति सामाजिक गतिविधिका हरेक रूपमा निहित हुन्छ। सांस्कृतिक अध्ययनका अध्येताहरूले जनप्रिय संस्कृतिलाई प्रमुखता दिएको देखिन्छ। अत: सांस्कृतिक अध्ययनले संस्कृतिलाई समाजको भौतिक उत्पादन ठान्दछन् भने त्यसको उपभोग पनि समाजले नै गर्दछ। सांस्कृतिक अध्ययनका दृष्टिमा जीवनका सबै थोक संस्कृतिभित्र पर्दछ। संस्कृतिदेखि बाहिर केही पनि छैन। यसरी संस्कृति भनेको सम्पूर्ण जीवन पद्धति हो भन्ने धारणा विकास भएको पाइन्छ। फ्रान्सेली दार्शनिक मिसेल फुकोले संस्कृति भनेको सबै प्रकारका आवाजहरूलाई मुखरित गर्ने विषय हो भन्ने धारणा व्यक्त गरेका छन्। अत: फुकोका दृष्टिकोणमा पनि संस्कृतिभित्र सबै थोक पर्दछन् भन्ने रहेको देखिन्छ। यसरी विभिन्न समयमा संस्कृतिको विविध अर्थ तथा परिभाषाहरू प्रतिपादन भएको पाइन्छ। यद्यपि यो मानवद्वारा निर्मित तथा अर्जित वस्तु हो। यो प्राकृतिक अथवा नैसर्गिक वस्तु नभएर मानव निर्मित वस्तु हो जसको मानवद्वारा नै उपभोग गरिन्छ भन्ने कुरामा एकमत रहेको पाइन्छ। यसले मानव जीवन तथा समाजसित घनिष्ठ सम्बन्ध राख्दछ र प्रभाव पार्दछ। यस कारण संस्कृतिको चरित्र समाज र समूहभित्रका जीवनशैलीमा हेर्न सकिन्छ। सम्पूर्ण जीवन नै संस्कृतिभित्र पर्ने हुनाले सांस्कृतिक अध्ययनले संस्कृतिदेखि बाहिर मानव जीवन एवम् यस संसारको अर्थ नहुने जनाएको पाइन्छ। अर्थात् संस्कृतिभित्र रहेर मात्र मानव जीवन तथा यस संसारलाई अर्थ्याउन सकिन्छ भन्ने धारणा विकास भएको पाइन्छ।

## सन्दर्भ

नेपाल 'यात्री' पूर्णप्रकाश, इ सं १९९९, 'इयत्ताका दृष्टिले नेपाली संस्कृति', पवन चामलिङ (सम्पा), **निर्माण** (संस्कृति विशेषाङ्क), वर्ष १९, अङ्क ३४, नाम्ची, निर्माण प्रकाशन

पाण्डेय ताराकान्त, वि सं २०७३, **मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र**, काठमाडौँ, साझा प्रकाशन

प्रधान कुमार र भी मल्लिकार्जुन (सम्पा), इ सं २०११, **नेपाली लेखन शैली**, मैसुर, भारतीय भाषा संस्थान

शर्मा जनकलाल, वि सं २०६५, **हाम्रो समाज: एक अध्ययन**, काठमाडौँ, मञ्जरी पब्लिकेसन

सुवेदी राजेन्द्र, वि सं २०७३, **सांस्कृतिक अध्ययन र नेपाली साहित्य**, काठमाडौँ, पाठ्यसामग्री प्रकाशन

राई इन्द्रबहादुर, इ सं १९९९,'परिप्रेक्ष्यमा भारतीय नेपाली संस्कृति', पवन चामलिङ (सम्पा), **निर्माण** (संस्कृति विशेषाङ्क), वर्ष १९, अङ्क ३४, नाम्ची, निर्माण प्रकाशन।

त्रिपाठी वासुदेव र अन्य (सम्पा), वि सं २०६०, **नेपाली बृहत् शब्दकोश**, छैटौँ संस्करण, काठमाडौँ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

Arnold Matthew, 2009, **Culture and Anarchy**, Reissue Edition, Oxford World's Classics
Encyclopedia Britannica, 2005, **Britannica Ready Reference Encyclopedia**, New Delhi
Eliot T. S, 1948, **Notes Towards the Definition of Culture**, London, Faber & Faber
Gramsci Antonio, 1975, **Prison Notebook**, New York, Columbia University Press
Nayer Pramod K, 2017, **An Introduction to Cultural Studies**, Second Edition Revised and Updated, New Delhi, Viva Books
Williams Raymond, 1958, **Culture and Society: 1780-1950**, New York, Anchor Books Doubleday and Company
Hall Gary and Clare Birchall (Ed.), 2016, **New Cultural Studies**, New Delhi, Orient Blackswan